**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले उत्कृष्ट र असाधारण खेल प्रदर्शन गर्ने खेलाडी तथा कोचहरुलाई 2024 को राष्ट्रीय खेल पुरस्कार प्रदान गर्नु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले भोली विडियो कॉन्फ्रेंसको माध्यमबाट 'स्वामिता' योजनाअन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुहुनेछ।

३. पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जी लोकसभा चुनावपछि पहिलो पल्ट सोमबार मुर्शिदाबादको भ्रमण गर्नुहुनेछ।

४. जीटीए कर्मचारी संगठनको वार्षिक सभा आज मिरिक रङ्गशालामा सम्पन्न

५. तीन दिवसीय वाइट अर्किड फेस्टिभल आगामी २४ जनवरीदेखि खरसाङको मन्टिभियट खेल मैदानमा शुरु।

**राष्ट्रीय खेल पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नई दिल्लीको राष्ट्रपति भवनमा 2024 को राष्ट्रीय खेल पुरस्कार प्रदान गर्नु भयो। यसै क्रममा विश्व शतरंज चैंपियन डी गुकेश, पेरिस ओलिंपिक्सका दुई पदक विजेता मनु भाकर, पुरूष हॉकी टीमको कप्तान हरमनप्रीत सिंह अनि पेरिस पैरालिंपिक्सका स्वर्ण पदक विजेता प्रवीण कुमारलाई प्रतिष्ठित मेजर ध्यान चंद खेल रत्न पुरस्कारले सम्मानित भए भने यो पुरस्कार विगत चार वर्षमा खेलाडीहरूले उत्कृष्ट र असाधारण खेल प्रदर्शनको लागि प्रदान गरिन्छ।

****** ० ******

**पीएम - स्वामित्व योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोली विडियो कॉन्फ्रेंसको माध्यमले १० राज्य र दुई केन्द्र शासित प्रदेशका ५० हजारभन्दा अधिक गाउँका संपत्ति मालिकहरुलाई 'स्वामिता' योजनाअन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुहुनेछ। यसको उद्देश्य उन्नत ड्रोन टेक्नोलोजी सर्वेक्षणको माध्यमबाट घरहरूको अधिकारको रेकर्ड प्रदान गरेर ग्रामीण भारतको आर्थिक विकासलाई बढावा दिनु हो। यसले सम्पत्ति मुद्रीकरणलाई पनि सुविधा प्रदान गर्नेछ। यो योजनाले सम्पत्तिसम्बन्धी विवाद समाधान गरी बैंक ऋण मार्फत संस्थागत ऋण प्रवाहलाई सहज बनाउनेछ भने ग्रामीण क्षेत्रमा राम्रो सम्पत्ति मूल्यांकन र सम्पत्ति कर संकलनलाई सहज बनाउनेछ।

****** ० ******

**मुख्यमंत्री-मुर्शिदाबाद**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जी लोकसभा चुनावपछि पहिलो पटक सोमबार मुर्शिदाबादको भ्रमण गर्नुहुनेछ। प्रशासनिक स्रोतका अनुसार लालबागमा रहेको 'नवाब बहादुर इंस्टीट्यूशन' को मैदान उनको बैठक हुनेछ। कार्यक्रमको निम्ती मुख्यमन्त्री सोमबार हेलिकप्टरबाट मुर्शिदाबाद पुग्नुहुनेछ र सोही दिनको बैठक पछि मालदाको लागि प्रस्थान गर्नुहुनेछ। यस प्रशासनिक बैठकमा मुख्यमंत्रीले विभिन्न सरकारी सेवाहरू प्रदान गर्ने र जिल्लाको लागि धेरै नयाँ योजनाहरूको घोषणा गर्ने अनुमान लगाइएको छ।

****** ० ******

**ज्योति-बसु**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले ज्योति बसुको नाममा स्थापित रिसर्च सेन्टरको उद्घाटन कार्यक्रममा सामेल नहुने निर्णय लिएको राज्य सचिवालयले जनाएको छ। राज्यका सीपीआई(एम) नेतृत्वले निम्तो दिएको भए पनि ममता ब्यनर्जीले प्रशासनिक व्यस्तताहरूले कार्यक्रममा उपस्थित हुन नसक्ने बताइएको छ। यो रिसर्च सेन्टरको उद्घाटन पश्चिम बंगालका सबैभन्दा लामो समयसम्म मुख्यमन्त्री रहेका कम्युनिस्ट नेता ज्योति बसुको 15औं पुण्यतिथिको अवसरमा गरिँदैछ। उद्घाटन कार्यक्रममा सीपीआई(एम)- का पोलितब्यूरो कोअर्डिनेटर औ पूर्व महासचिव प्रकाश करात उपस्थित रहनेछन्। यस अतिरिक्त पार्टीका राज्य सचिव मोहम्मद सलिम र पोलितब्यूरो सदस्य डा. सूर्यकान्त मिश्र पनि उपस्थित रहनेछन्।

****** ० ******

**कर्मचारी-संगठन**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गत पर्ने कर्मचारी संगठनको वार्षिक सभा आज मिरिक रङ्गशालामा सम्पन्न भयो। सुवास बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जीटीए प्रमुख कार्यपाल अनित थापा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्त्यो। देवराज प्रधानले स्वागत सम्बोधन गरेपछि शुरू भएको कार्यक्रममा भागोप्रमो केन्द्रीय महासचिव अमर लामा, मिरिक नगरपालिका अध्यक्ष एलबी राई, कार्यकारी सभासदहरू राजेस चाौहान, अनाेस थापा, रतन थापा, अरूण सिंग्ची, कल्पना प्रधान, मिलेस राई, धुर्ब बम्जन लगायत दार्जिलिङ, खरसाङ, कालेबुङ, मिरिक आदि ठाँउका जीटीएका कर्मचारीहरू उपस्थित थिए। कार्यक्रममा संगठनका केन्द्रीय महासचिव याेगेस गुरूङले संगठनकाे वार्षिक प्रतिवेदन प्रस्तुत गरे भने जीटीए प्रमुख अनित थापाले सबै ठाउँका संगठनका पदाधिकारीहरूलाई खदा लगाएर शुभकामना व्यक्त गर्नुभयो ।

****** ० ******

**तस्करी-पक्राउ**

पश्चिम बंगाल पुलिसले सिलगढ़ी भएर चलिरहेको एउटा ठूलो मादक पदार्थ तस्करी गिरोहको भण्डाफोर गर्दै छःजना आरोपीहरूलाई पक्राउ गरेको छ। आरोपीहरूमा तीनजना महिलाहरू पनि सामेल छन्। पुलिसले यिनीहरूबाट 1.5 करोड़ रुपियाँको उच्च गुणस्तरीय ब्राउन शुगर जफत गर्‍यो। यो संयुक्त अभियान सिलगढ़ी पुलिस कमिश्नरेट तथा स्पेशल अपरेशन्स ग्रुप (एसओजी)- ले मिलेर संचालन गरेको हो। अभियान हिजो अबेर रातिदेखि आज बिहानसम्म लगभग 12 घण्टा चलेको थियो। सिलगढ़ी पुलिसका उपायुक्त राकेश सिंहले बताए अनुसार, पक्रा पर्ने आरोपीहरूको उद्देश्य उक्त मादक पदार्थलाई सिलगढ़ीको भएर तस्करी गर्नुथियो भने गिरोहका अन्य सदस्यहरूक बारेमा पत्तो लगाउनको लागि जाँच गरिँदैछ।

****** ० ******

**कर्मठ**

अलिपुरद्वारबाट सिटोङ घुम्न आएको पर्यटकको वाहन कर्मठको पैह्रोमा दुर्घटनामा परेको छ भने दुर्घटनामा एक महिला घाइते बनेको थाहा लागेको छ।अलिपुरबाट चालक सहित ५ जना पर्यटक सिटोङ घुम्न आएको समय आज दिउँसो उक्त दुर्घटना परेको हो। घट्नाको खबर सुन्नसाथ सेवक पुलिस घटना स्थलमा पुगेर स्थानीय मानिसहरुको सहयोगमा घाइते महिलालाई उपचारको निम्ति सिलिगुडीको अस्पतालमा पठाएको छ।

****** ० ******

**वाइट अर्किड फेस्टिभल**

वाइट अर्किड फेस्टिभल आगामी २४,२५ अनि २६ जनवरीको दिन खरसाङको मन्टिभियट मैदानमा भव्य रुपमा मनाउने भएको छ। यस दिन विभिन्न सांस्कृतिक, सांगीतिक, म्याराथन, वाक्काथन, पेट सो, बेबी सो लगायत अन्य कार्यक्रमहरु रहने छ। खरसाङ ब्याटमिन्टन एसोसिएसन अनि खरसाङ फुटबल एसोसिएसनका प्रतिनिधिहरूले पनि यस तीन दिने कार्यक्रमलाई उत्साहजनक बनाउन म्याराथन फन रनको आयोजना गरेको छ। जसमा म्याराथन महानदीदेखि शुरू भएर मन्टिभियट मैदान, अनि वयस्क तथा महिलाहरूका निम्ति गिद्धे रक गार्डनदेखि मन्टिभियट मैदानसम्म फन रन गरिनेछ। यस कार्यक्रममा भाग लिनका निम्ति कुनै शुल्क नलाग्ने साथै सम्पूर्ण सहभागीहरूलाई ट्रफी पनि प्रदान गरिनेछ।

****** ० ******

**अनुगालय**

आज एक कार्यक्रमको साथमा अनुगालय दार्जिलिङको मुख्य आयोजना तथा जिल्ला तथा खण्ड विकास अधिकारीहरुको समन्वयमा कालेबुङ जिल्लाको रंगपोमा क्षेत्रका मानिसहरु लिएर सामुदायिक प्रतिक्रिया टोली प्रशिक्षण सगै आपदाको न्यूनीकरणको निम्ति उपयोगी उपकरण वितरण गरियो। स्थानीय उज्वल समाज सामुदायिक हलमा आयोजित कार्यक्रम टिस्टा नदीमा आएको प्रकोपले प्रभावित मानिसहरुलाई कसरी सशक्त बनाउन सकिन्छ भन्नेबारेमा केन्द्रित थियो। कार्यक्रममा जिल्ला तथा खण्ड कार्यलय सगै अनुगालय दार्जिलिङबाट उपस्थिति बिज्ञहरुले बाढी वा आपतकालीन प्रकोप जस्ता प्रकोपहरूमा प्रभावकारी रूपमा प्रतिक्रिया दिन स्थानीय समुदायहरूलाई कसरी तयारी गर्न सकिन्छ भन्ने बारेमा उपस्थित सबैलाई तालिम प्रदान गरेका थिए भने कालिम्पोङ खण्ड दुईका आपदा व्यवस्थापन अधिकारी र उनको टोलीले सहभागीहरूलाई सैद्धान्तिक र व्यावहारिक दुवै तालिम प्रदान गरेका थिए।

****** ० ******

**योक्सम-टाशीडिङ**

पश्चिम सिक्किमको योक्सम-टाशीडिङ निर्वाचन क्षेत्र अन्तर्गत लाङ खोला छेउ भएको एक वाहन दुर्घटनामा पॉच जनाको मृत्यु भएको जानकारी प्राप्त भएको छ।
प्राप्त जानकारी अनुसार, दुर्घटना योक्सम-टाशीडिङ अन्तर्गत टिङरिङ-गेरेथाङ मार्गमा भएको हो भने दुर्घटनामा एउटा अल्टो वाहन लाङ खोला छेउ सड्क मार्गदेखि तल झरेको छ। घटनाको खबर पाउनसाथ् पुलिसले घटनास्थल पुगी आवस्यक छानबिन शुरु गरिसकेको तथा मृतकहरूलाई घटनास्थलबाट निकाल्ने पहल शुरू गरिसकेको बताइएको छ।

****** ० ******

**रेलिङ च्याम्पियन ट्रफी**

लङ्गुरदाङ गेम्स एण्ड स्पोर्ट्स एसोसिएसन रेलिङ च्याम्पियन ट्रफी सिजन 5 को सेमिफाइनलमा प्रवेश गरेको छ हिजो आयोजित प्रतियोगिताको रोमाञ्चक खेलमा चाइल्डहुड एफसी नाम्ची सिक्किमलाई टाइब्रेकरमा पराजित गर्दै लङ्गुरदाङ गेम्स एण्ड स्पोर्ट्स एसोसिएसन सेमिफाइनलमा प्रवेश गरेको हो। खुबै रोमाञ्चक भएको खेल निर्धारित समयसम्म 1- 1 गोलमा खेल बराबरमा रहेपछि अतिरिक्त समय हुदै टाइब्रेकरमा पुगेको थियो जहा लङ्गुरदाङ गेम्स एण्ड स्पोर्ट्स एसोसिएसनले बाजी मारेको थियो। खेलमा उत्कृष्ट खेलाडीको रूपमा लङ्गुरदाङ गेम्स एण्ड स्पोर्ट्स एसोसिएसनका गोल रक्षक निगम सिंहलाई चयन गरियो। रेलिङ उच्चतर माध्यमिक विद्यालय सहशिक्षक उत्तम शर्माको सभापतित्वमा तथा रेलिङ उच्चतर माध्यमिक विद्यालय प्रधानअध्यापक चन्द्रकुमार भण्डारीको प्रमुख अतिथित्वमा सम्पन्न भएको दोस्रो क्वाटरफाइनलमा अन्यान्य गणमान्य अतिथिहरूको बिशेष उपस्थिति रहेको थियो ।

****** ० ******

**आरजी कर बलात्कार**

आर. जी. कर मेडिकल कलेजमा महिला डाक्टरसित भएको बलात्कार अनि हत्याको मामिलामा सियादलदहको अतिरिक्त मुख्य न्यायिक म्याजिस्ट्रेटको अदालतले 18 जनवरीमा फसेला सुनाउनेछ। यसका साथै 162 दिनको प्रतिक्षा शनिवार समाप्त हुनेछ। यो घटना गत 9 अगस्त, 2024-मा भएको थियो जतिबेला अस्पताल परिसरबाट महिला डाक्टरको शव उद्धार गरिएको थियो।

****** ० ******

**विन्टर-फुटबल**

विद्यार्थीहरुको शीतकालीन छुट्टीलाई सदुपयोग गर्दै मोबाइलको दुनियाँबाटमाथि निकाल्ने तथा व्यसाहिक खेलाडीहरु जन्माउने प्रमुख उदेश्यको साथमा विन्टर फुटबल कोचिङ क्याम बिजनबारीको मुख्य आयोजनासगै क्षेत्रवासीको सहयोगमा हाल बिजनबारी खेल मैदानमा विन्टर फुटबल कोचिङ जनवारीको प्रहिलो सातादेखि धमाधम चलिरहेको छ भने कोचिङमा बिजनबारी बजार सङलन क्षेत्रसगै वरिपरिको विभिन्न गाउँ तथा चियाबारीका विद्यार्थीहरुले प्रशिक्षणमा भाग लिइरहेका छन।

****** ० ******